# इलाम नगरपालिका
# इलाम नगरपालिकाको राजपत्र

**खण्ड : ५ सङ्ख्या : १ मिति : २०७८।१।१७**

**भाग २**

**इलाम नगरपालिकाको कार्यपालिका बैठकबाट पारित पाटेनागी पर्यटन प्रवर्द्धन समिति सञ्चालन (पहिलो संशोधन) निर्देशिका , २०७८ सर्वसाधारण सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।**

**इलाम नगरपालिकाको केही निर्देशिका संशोधन**

**इलाम नगरपालिका, पाटेनागी पर्यटन प्रवर्द्धन समिति सञ्चालन (पहिलो संशोधन) निर्देशिका, २०७८**

**कार्यपालिकाबाट स्वीकृत मिति : २०७८।१।१७**
**प्रमाणीकरण मिति : २०७८।१।१७**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी इलाम नगरपालिकाको कार्यपालिकाबाट मिति २०७६।१२।५ मा स्वीकृत इलाम नगरपालिका, पाटेनागी पर्यटकीय तथा विशेष क्षेत्र संरक्षण तथा सम्वर्द्धन समिति निर्देशिका, २०७६ कार्यान्वयन भइरहेको सन्दर्भमा निर्देशिकालाई थप व्यवस्थित गर्नका लागि सो निर्देशिकामा निम्नानुसार संशोधन गर्न बाञ्छनीय भएकोले **इलाम नगरपालिका, पाटेनागी पर्यटन प्रवर्द्धन समिति सञ्चालन (पहिलो संशोधन) निर्देशिका, २०७८** नगर कार्यपालिकाको मिति २०७८।१।१७ को निर्णयबाट जारी गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस निर्देशिकाको नाम **इलाम नगरपालिका, पाटेनागी पर्यटन प्रवर्द्धन समिति सञ्चालन (पहिलो संशोधन) निर्देशिका, २०७८** रहेको छ ।
(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **प्रस्तावना :** इलाम नगरपालिका वार्ड नं. ३ पाटेनागी क्षेत्रभित्रका पर्यटकीय, पर्यावरणीय तथा जैविक विविधताको संरक्षण र सम्वर्द्धन गर्दै यस क्षेत्रको संरक्षण र विकास गर्ने उदेश्यले स्थानीय शासन सञ्चालन ऐन, २०७४ को दफा ९९ बमोजिम विशेष तथा संरक्षित क्षेत्र कायम गर्न गराउन तथा यस क्षेत्रको पर्यटकीय, पर्यावरणीय तथा जैविक विविधताको संरक्षण, सम्वर्द्धन सम्बन्धी कार्यहरु कार्यान्वयन, सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक कार्यहरु गर्न निर्देशिका जारी गर्न बाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(२) ले दिएको अधिकार प्रयोग गरी यो **पाटेनागी पर्यटन प्रवर्द्धन समिति सञ्चालन निर्देशिका, २०७६** जारी गरिएको छ ।

३. **१.संक्षिप्त नाम र प्रारम्भ** : (क) यस कार्यविधिको नाम **"इलाम नगरपालिका, पाटेनागी पर्यटन प्रवर्द्धन समिति सञ्चालन निर्देशिका, २०७६"** रहेकोछ ।

४. **२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :
**(क) "अध्यक्ष"** भन्नाले पाटेनागी पर्यटन प्रवर्द्धन समितिको अध्यक्षलाई सम्झनुपर्छ ।
**(ग) "उपाध्यक्ष"** भन्नाले पाटेनागी पर्यटन प्रवर्द्धन समितिको उपाध्यक्षलाई सम्झनुपर्छ ।
**(ङ) "कार्यपालिका सदस्य"** भन्नाले इलाम नगर कार्यपालिकाको सदस्यलाई सम्झनुपर्छ ।
**(च) "कोषाध्यक्ष"** भन्नाले पाटेनागी पर्यटन प्रवर्द्धन समितिको कोषाध्यक्षलाई सम्झनुपर्छ ।
**(झ) "पदाधिकारी"** भन्नाले पाटेनागी पर्यटन प्रवर्द्धन समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष लाई सम्झनुपर्छ ।
**(ढ) "सदस्य"** भन्नाले पाटेनागी पर्यटन प्रवर्द्धन समितिको सदस्यलाई सम्झनुपर्छ ।
**(ण) "सचिव"** भन्नाले पाटेनागी पर्यटन प्रवर्द्धन समितिको सचिवलाई सम्झनुपर्छ ।
**(त) "समिति"** भन्नाले पाटेनागी पर्यटन प्रवर्द्धन समितिलाई सम्झनुपर्छ ।

आज्ञाले
कालीबहादुर भुजेल
प्रमुन प्रशासकीय अधिकृत